# निर्धन समुहका महिलाको लागि व्यावसायिक कुखुरापालन तालिम




***सदरलाइनडटकम, नेपालगञ्ज*** : निर्धन उत्थान लघु वित्तिय संस्था लिमिटेड शाखा कार्यालय परस्पुरको आयोजनामा गृहणि महिलाको आयआर्जनमा टेवा पुराउने उद्देश्यले तीनदिने व्यावसायिक कुखुरा पालन तालिम सुरु गरेको छ । नेपालगञ्जमा सुरु भएको सो तालिमको नेपालगञ्ज उप–महानगरपालिकाका उप–मेयर उमा थापामगरले उद्दघाटन गरीन । उनले सो अवसरमा तालिममा सिकेको कुरालाई व्यवसायमा उर्तान पनि आग्रह गरिन । उनले भनिन्–'तालिमको तथ्याङ्क हेर्दा अत्यन्तै धेरै छ तर, व्यवहारमा परिणत गरेको पाईदैन । तपाई सबैलाई मेरो आग्रह छ तालिम लिएर व्यवसायी बन्नुहोस हामी सहयोग गर्न तयार छौ ।'

उनले खुला नाकाको कारण सिमापारीबाट अबैध तवरले भित्रिने कुखुराको कारण नेपालगञ्जमा कुखुरा व्यावसाय नै चौपट हुन लागेको जन गुनासो पनि आउने गरेकोले उप–महानगरले नियमित अनुगमन गरी कारवाही गरेको दावि गर्दै अवैध कुखुरा भित्र्याउनेको सूचना दिन पनि आग्रह गरिन ।

तालिमका प्रशिक्षक समेत रहेका जिल्ला भेटनरी अस्पतालका प्रमुख डा. हरिबहादुर कुँवरले तालिमको अवधि अत्यन्त छोटो भएको तर, पनि आफुहरुले सक्दो प्रयास गर्ने बताए । तालिमकी सहभागि बाँके राधापुरकी अनु थापामगरले खुला सिमानको कारण व्यवसाय धराशायी भएको गुनासो गरिन । निर्धन क्षेत्रीय कार्यालय कोहलपुरका कार्यक्रम अधिकृत प्रेप सुवेदीले ०४९ सालदेखि विपन्न तथा गृहणी महिलालाई आयआर्जन तथा व्यवासायमुखि बनाउन लगानी गर्दै आएको बताए । निर्धनका ३ लाख २५ हजार सदस्य रहनुको साथै बाँकेमा मात्रै ३ हजारबढीलाई सेवा दिएको जानकारी दिए ।

सो कार्यक्रमा निर्धन समुह सदस्य फुलकुमारी काँदुको मृत्यु पछि उनको नाममा रहेको जोखिम विमाको रकम ६९ हजारको चेक उनका पति रामकिशन काँदुलाई हस्तान्त्रण गरिएको थियो । यसैबीच निर्धनका परस्पुर शाखा प्रमुख टोपबहादुर रास्कोटीले सो तालिममा निर्धनको समूहमा रहेका २६ जना

महिलाका लागि आयोजना गरिएको भएपनि केही भने समुह सदस्यका अभिभावक सहभागि भएको जानकारी दिए । निर्धनले समुहमा रहेकालाई व्यवसाय सञ्चालनको लागि समुहको जमानीमा विना धितो ३ लाख र धितो राखेर ७ लाखसम्म ऋण लगनी गर्ने उनले बताए ।







बाँके जिल्लाको परस्पुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्थाद्वारा

# ब्यवसायिक कुखुरापालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफना २६ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७५ मंसिर २३ गतेदेखि २५ गतेसम्म बाँके जिल्लाको नेपालगञ्जमा **"ब्यवसायिक कुखुरापालन तालिम"** सम्पन्न गरेको संस्थाका परसपुर शाखाका शाखा प्रमुख टोप बहादुर रास्कोटीले जानकारी गराएका थिए । गौरीनगर महिला स्वावलम्वि समुहकी सदस्य अमरा चन्दको अध्यक्षतामा सम्पन्न तालिम उद्घाटन समारोहमा नेपालगञ्ज उपमहानगरपालिकका उपमेयर उमा थापा मगर प्रमुख अतिथी रहेकी थिईन् । उनले सो अवसरमा तालिममा सिकेका कुराहरुलाई व्यवहारमा उतार्न पनि आग्रह गरिन् । उनले तालिमको तथ्याङ्क हेर्दा अत्यन्तै धेरै भए पनि व्यवहारमा परिणत गरेको

पाँईदैन । यस तालिममा प्रशिक्षकहरु डा. हरि बहादुर कुंवर, डां गणेश बहादुर पुन, कर्मध्वज छत्याल र लोकेन्द्र बुढा, शाखा प्रमुख टोप बहादुर रास्कोटी क्षेत्रीय प्रतिनिधि कार्यक्रम अधिकृत प्रेम प्रसाद सुवेदी रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई व्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रीय प्रमुख प्रेम प्रसाद सुवेदीले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको परस्पुर शाखाका प्रमुख टोप बहादुर रास्कोटीले प्रकाश पारेका थिए ।

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याइ रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित, उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुना कुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ । सो उद्घाटन कार्यक्रममा निर्धन उत्थान लघुवित्त वित्तीय संस्या शाखा परस्पुरद्वारा प्रवर्द्धित नेवाजीगाउँ स्वावलम्वी समूह की मृतक सदस्य श्रीमती फूलरानी कान्दुको पति रामकीसुन कान्दुलाई ग्रामीण कर्जा विमा वापतको क्षतिपुर्ति रकम रु. ६९ हजार प्रमुख अतिथी उपमेयर उमा थापाद्धारा हस्तान्तरण गरिएको शाखा प्रमुख टोप बहादुर रास्कोटीले बताए ।

संस्थाले २०७५ कार्त्तिक मसान्तसम्ममा ३ लाख २८ हजार ९०६ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७५ कार्त्तिक मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १६ अरब ११ करोड ८१ लाख रहेको छ भने ग्राहक सदस्यहरुका ९ अरब १३ करोड ६५ लाख बचत परिचालन गरेको छ । कुखुरापालन गरी रहेका संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका परस्पुर शाखाका शाखा प्रमुख टोप बहादुर रास्कोटीले जानकारी गराएका थिए । तालिमको संचालन परस्पुर सहायक रमेश ठगुन्नाले गरेका थिए ।

कुखुरापालन व्यवसाय एक परिचय, स्थानीय र उन्नत कुखुरापालन भिन्नता, महत्व, आवश्यकता र वर्तमान स्थिति तथा ब्रोईलर एवम लेयर्स कुखुराको जातिय परिचय र ब्रोईलर पाल्नको कारण तथा महत्व, कुखुरापालन विधि, खोरको महत्व, उन्नत वा सुरक्षित खोर निर्माण गर्न ठाउँको छनौट, स्थानीय श्रोत साधन प्रयोग गरी उन्नत खोर निर्माण गर्ने तरिका र खोरमा हावा, ताप, प्रकाश, आर्द्रताको महत्व, सोतरको महत्व एवम् सोतरको लागि प्रयोग गरिने वस्तुहरु, चल्ला ल्याउन पूर्व गर्न पर्ने तयारीहरु, गुणस्तरिय चल्लाको पहिचान, ब्रुडिङ्गको परिचय, ब्रुडिङ्ग हाउसमा चल्ला राख्दा चल्लाको छनौट, जाडो तथा गर्मीयाममा चल्ला ब्रुडिङ्ग गर्ने तरिका एवम ब्रुडिङ्ग हाउसमा उपयुक्त तापक्रमको महत्व र ब्रुडिङ्ग गर्दा ध्यान दिनु पर्ने कुराहरु, ब्रुडिङ्ग गर्दाको अवस्थामा एण्टिबायोटिक, भिटामिन तथा ईलेक्ट्रोलाईटको महत्व, चल्लाको आहार, उन्नत दानाको महत्व, किसिम र स्थानीय श्रोत साधनको प्रयोग गरी सन्तुलित दाना बनाउने तरिका, चल्लाको जात, उमेर अनुसार भूँई क्षेत्र, दानापानी, भाँडाकुँडाको आवश्यकता र शारिरिक तौलमा वृद्धि, रोगको परिचय, कुखुरामा रोग लाग्नाको कारणहरु, रोगी तथा निरोगी कुखुराको पहिचान गर्ने तरिका र रोगबाट बच्ने उपायका साथै कुखुरापालन व्यवसायमा बायोसेक्युरिटीको महत्व बारे जानकारी, रानीखेत, गम्बारो तथा Mareks को पुल्लोरम, कुखुराको हैजा तथा कक्सिडियोसिस रोगको परिचय, लक्षण, उपचार तथा रोकथाम, खोपको महत्व, खोपहरु प्रयोग गर्ने तरिका, ब्रोईलर कुखुराको खोप कार्यक्रम र खोर संक्रमण मुक्त पार्ने तरिका बारे जानकारी साथै कुखुरापालन कृषकको खोरमा अध्ययन भ्रमण, दुषित दानापानी तथा भिटामिन र खनिज तत्वको कमीबाट लाग्ने रोगहरु र आन्तरीक तथा वाह्य परिजिविबाट लाग्ने रोगहरुको परिचय, लक्षण उपचार तथा रोकथामका उपायहरु, कुखुरापालन व्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरिका तथा कुखुरापालन व्यवसायको बजार व्यवस्थापन, कुखुरापालनको स्किम, बचत परिचालन र बचतका फाईदाहरु संस्थाका सेवाहरुको आदि बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको परस्पुर शाखाका प्रमुख श्री टोप बहादुर रास्कोटीले बताएका थिए ।